

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ११६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २७ गते बिहीबार ❑ 9 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## 'प्रदेश सरकार नागरिकको स्वास्थ्यप्रति जिम्मेवार बन्नुपर्छ'

**पोखरापत्र संवाददाता**

तनहुँ, २६ बैशाख

प्रदेश सरकारलाई आमनागरिकको स्वास्थ्यप्रति जिम्मेवार बन्न सरोकारवालाहरूले आग्रह गरेका छन् । स्वास्थ्य कार्यालय तनहुँले मङ्गलबार दमौलीमा आयोजना गरेको सार्वजनिक सुनुवाइमा सहभागी सरोकारवालाहरूले प्रदेश सरकारको स्वास्थय सेवाप्रवाहप्रति जिम्मेवारीपूर्ण भूमिका नदेखिएको भन्दै त्यस्तो आग्रह गरेका हुन् ।

कार्यक्रममा देवघाट गाउँपालिका स्वास्थ्य शाखा प्रमुख प्रदीपकुमार बुढाथोकीले गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने औषधि पालिकामा आइपुग्दा मिति गुज्रिसक्ने तर त्यसको दोष पालिकाले बोक्नुपर्ने अवस्था आइरहेको गुनासो गर्नुभयो । उहाँले अगाडि भन्नुभयो,"आवश्यक परेको अवस्थामा औषधि आइपुग्दैन, अधिकांश औषधि पालिकासम्म आइपुग्दा मिति गुज्रिसकेको हुन्छ। त्यसको गुनासो पालिकाले सुन्नुपरिरहेको छ । त्यसैले प्रदेश सरकार आमनागरिकको स्वास्थ्यप्रति जिम्मेवार बन्न आवश्यक छ।" सरकारले प्रयोग गर्नमिल्ने म्याद ध्यानमा राखेर औषधि खरिदलाई छिटो, छरितो बनाउन सक्नुपर्नेमा उहाँको जोड थियो । यस्तै, आँबुखैरेनी गाउँपालिकास्वास्थ्य शाखाप्रमुख अगमराज उपाध्यायले प्रदेश सरकारबाट आउने औषधि मिति गुज्रिएको आएपनि मलेपाले बेरुजु देखाउँदा पालिकाको बेरुजु बढी देखिएको बताउनुभयो । उहाँको गुनासो छ, "प्रदेश सरकारले बेरुजु घटाउनतर्फ लाग्नुपर्ने हो तर प्रदेशबाट प्राप्त हुने मिति गुज्रिएका औषधिको बेरुजुको भार पालिकाले बोक्नुपरिरहेको छ । यस्ता समस्याको समाधान कसरी गर्ने र कुन कोषबाट प्रदेश सरकारलाई बेरुजुको असुल उपर गर्नुपर्ने हो प्रष्ट हुनुपर्छ ।"

म्याग्दे गाउँपालिका स्वास्थ्य शाखा प्रमुख तिलक घिमिरेले पनि प्रत्येक पालिकामा निर्माण भएका पालिकास्तरीय अस्पताल सञ्चालनमा समस्या रहेका बताउनुभयो । "पालिकास्तरीय अस्पतालको भवनमात्रै ठड्यार सेवाप्रवाह हुनसक्दैन । अस्पताल नचलाई पनि नहुने तर चलाउनका लागि आवश्यक उपकरण तथा कर्मचारीको अभाव छ । यसमा प्रदेश सरकारले सहजीकरण गर्नुपर्ने हो तर भइरहेको छैन", उहाँको भनाइ थियो । जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालयले जिल्लामा आमनागरिकसँगप्रत्यक्ष सेवा लिने सरकारी कार्यालयलाई सार्वजनिक सुनुवाइका लागि छनोट गर्नुपर्ने बताउनुभयो । उहाँले प्रदेश सरकारले स्थानीय सरकार र समन्वय समितिसँग सहजीकरण तथा समन्वयगरी सार्वजनिक सुनुवाइ गर्दा आमनागरिकका गुनासा सम्बोधनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। वाग्लेले भन्नुभयो, "प्रदेश सरकारले स्वास्थ्यमा आउने महामारी नियन्त्रणको लागि बजेटको व्यवस्था गर्नुपर्छ। यसका लागि विपद् तथा महामारी कोष स्थापना गर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । आफ्ना नागरिकको ज्यूज्यानको सुरक्षाका लागि प्रदेश सरकार समयमा नै संयमित बनोस् ।" उहाँले स्वास्थ्य कार्यालयलाई खोप अभियान र तथ्याङ्क सङ्कलन गर्ने कार्यालयका रूपमा नभइ अनुगमन तथा स्वास्थ्य क्षेत्रलाई नियमन गर्ने भूमिका दिनुपर्ने बताउनुभयो ।

व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले जिल्ला अस्पताल प्रदेश मातहत हुँदा पालिका र अस्पतालबीचको सम्बन्ध नै नरहेको भन्दै त्यसमा पालिकाको अपनत्व सिर्जना हुनेगरी व्यवस्थापन जरूरी रहेको बताउनुभयो । "जिल्ला अस्पतालमा प्रसूति सेवाप्रवाह नहुँदा समस्या सिर्जना भएको थियो, यो समस्या समाधानका लागि व्यास नगरपालिकाले प्रसूति सेवाप्रवाहका लागि चिकित्सकलाई राख्न बजेट व्यवस्थापन गरेको छ । नगरबासीले उपचारको अभावमा मृत्युवरण गर्न नपरोस् भनेर यसलाई प्राथमिकता दिएको छ तर बारम्बार जिल्ला अस्पतालका लागि चिकित्सक मागगर्दा समेत प्रदेश सरकारले चासो दिएन र पालिकाले नै व्यवस्था गर्न बाध्य भएका छौँ", नगरप्रमुख न्यौपानेको भनाइ थियो । प्रदेश सरकार जनस्वास्थ्यप्रति सचेत हुनसक्दैन भने पालिकालाई जिम्मेवारी दिन सक्नुपर्ने उहाँको आग्रह छ। उहाँले भन्नुभयो,"जिल्ला अस्पतालको विकास नहुँदा नगरपालिकाले अस्पतालको विकासका लागि केही गरेन भनेर प्रश्न आउँछन् तर नगरपालिकालाई कुनै जिम्मेवारी नै दिइएको छैन ।" प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले पनि सङ्घीयता आएपछि स्वास्थ्य कार्यालयको क्षेत्र थप बलियो हुनुपर्नेमा उल्टै कजोर बनाइँदा सेवाप्रवाह नै प्रभावित भएको धारणा राख्नुभयो । उहाँले जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको कार्यालयलाई नियमनकारी भूमिका दिन प्रदेशले चासो देखाउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा दमौली अस्पतालका सुपरिटेन्डेन्ट डा परिवर्तन बरालले जिल्ला अस्पताल नै धरासयी अवस्थामा रहेका र अस्पताल पूर्वाधार विकासमा पनि ध्यान नदिइएको भन्दै प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले भन्नुभयो, "जिल्ला अस्पतालबाट सहज सेवाप्रवाह गर्ने भनिए पनि त्यसो हुनसकेको छैन । यसका लागि भौतिक पूर्वाधार र अत्यावश्यक उपकरणको व्यवस्थापनमा सरकारको ध्यान पुग्नुपर्छ ।"

## गण्डकी प्रज्ञा-प्रतिष्ठानले ७ जना श्रष्टालाई सम्मान अर्पण गर्दै

**पोखरापत्र संवाददाता**

पोखरा, २६ बैशाख



गण्डकी प्रदेशका विभिन्न क्षेत्रमा स्थापित बनिसकेका ७ जना श्रष्टा सम्मानित हुने भएका छन् । गण्डकी प्रज्ञा-प्रतिष्ठानले तेस्रो वार्षिकोत्सवको अवसरमा उनीहरुलाई सम्मान अर्पण गर्न लागेको हो ।

यसरी सम्मानित हुनेहरूमा गण्डकी प्रज्ञा संस्कृति सम्मानबाट कास्कीका श्रष्टा खगराज शर्मा, गण्डकी प्रज्ञा साहित्य सम्मानबाट बागलुङका श्रष्टा भूपिन खड्का, गण्डकी प्रज्ञा संगीत सम्मानबाट स्याङजाका श्रष्टा पुरुषोत्तम न्यौपाने, गण्डकी प्रज्ञा कला सम्मानबाट कास्कीका गोपाल श्रेष्ठ छन् । उनीहरूलाई जनही एक लाख रुपैयाँ नगद, सम्मानपत्र, दोसल्लासहित सम्मान अर्पण गरिने गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जनाए । यसैगरी गण्डकी प्रज्ञा प्रतिष्ठान नारी सम्मानबाट तनहुँकी सरस्वती प्रतिक्षा सम्मानित हुनेछिन् । उनलाई नगद पचास हजार रुपैयाँको साथमा सम्मानपत्र र दोसल्लाले सम्मान गरिनेछ । गण्डकी प्रज्ञा युवा सम्मानबाट नृत्य विधाबाट स्याङ्जाका रविन गुरुङ र कला विधाबाट मुस्ताङका छिरिङ फोन्जो गुरुङ सम्मानित हुने भएका छन् । उनीहरूलाई नगद २५ हजार रुपैयाँको साथमा सम्मानपत्र र दोसल्लाले सम्मान गरिनेछ । गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङको संयोजकत्वमा गठन भएको छनोट समितिले उनीहरूलाई छनोट गरेको हो । छनोट समितिमा कवि एवं संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, वरिष्ठ लोक दोहोरी गायिका प्राज्ञ हरिदेवी कोइराला, कलाकार यादव चन्द्र भुर्तेल र सदस्य सचिव मनकुमार श्रेष्ठ सदस्य रहेका थिए । सबै श्रष्टालाई यहीं बैशाख २९ गते शनिबार दिउँसो २ बजे गण्डकी प्रज्ञा प्रतिष्ठानको भानु हलमा विशेष कार्यक्रमको आयोजना गरेर सम्मान अर्पण गरिनेछ । वार्षिकोत्सबको अवसरमा श्रष्टा स्मृति पार्कको उद्धाटन तथा प्रतिष्ठान स्थापना देखि हालसम्मको तीन वर्षे गतिविधिको बारेको भिडियो प्रदर्शन गरिनेछ। कार्यक्रममा विभिन्न झाँकी सहितको साँस्कृतिक प्रस्तुती आर्कषणको रुपमा रहने प्रतिष्ठानले जनाएको छ । कार्यक्रम भव्य बनाउन तयारीमा तिव्रता दिइएको सदस्य सचिव श्रेष्ठले बताए ।

कला, साहित्य ,संगीत र संस्कृतिको बिधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्धन गर्ने कार्य गरिरहेको प्रतिष्ठानको स्थापना २०७८ साल बैशाख १५ गते भएको थियो ।

## मुग्लिन-पोखरा सडक विस्तारः तेह्रवटा पुल सम्पन्न, एघार निर्माणाधीन

**पोखरापत्र संवाददाता**

तनहुँ, २६ बैशाख

मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत पूर्वी र पश्चिम खण्डमा पुल निर्माण धमाधम भइरहेको छ ।

पूर्वी खण्डमा १३ वटा पक्की पुल निर्माण भइसकेका छन्भने पश्चिममा ११ वटा निर्माणको चरणमा छन् । तनहुँको पूर्वी खण्डमा पर्ने आँबुखैरेनीबाट म्याग्देको जामुनेसम्मको १३ पुल सम्पन्न भएका छन्भने पश्चिम खण्डको जामुनेबाट पोखरा सेतीपुलसम्म १२ पुलमध्ये ११ पुल निर्माण भइरहेको आयोजना कार्यालयले जनाएको छ। पूर्वी खण्डमा ४१ दशमलव सात किलोमिटर र पश्चिम खण्डको ३८ दशमलव ८८

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## 'सामूहिक प्रयत्नले मात्र बालश्रम न्यूनीकरण'

**पोखरापत्र संवाददाता**

पोखरा, २६ बैशाख



पोखरा उद्योग वाणिज्य संघअन्गर्तत‌को सामाजिक विकास केन्द्रले आफ्ना गतिविधिहरुको सामाजिक परीक्षण गराएको छ।

बालश्रम न्यूनीकरण र श्रममा रहेका सहरी बालबालिकाहरुलाई अनौपचारिक शिक्षा प्रदान गर्दै आइरहेको सामाजिक विकास केन्द्रले यो वर्षमात्र घरेलु श्रममा रहेका ११ जना,होटल-रेष्टुराँमा काम गर्ने २६ जना, वर्कसपमा काम गर्ने १८८ जना,निर्माण खानीमा काम गर्ने ७९ जना एवं अन्य क्षेत्रमा कार्यरत ७४ जना गरी ३७७ जनालाई सेवा प्रदान गरेको छ।

सामाजिक विकास केन्द्रका अध्यक्ष तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचनका अनुसार बालश्रम न्यूनीकरण कार्यक्रममार्फत् हालसम्म ७३ जनालाई अनौपचारिक कक्षा, ४२ जनालाई पुनर्स्थापना ३२ जनाको जन्मदर्तासहितका कानूनी प्रक्रियामा सघाइएको जानकारी दिए । यस्तै १८६ जना बालबालिकालाई अनौपचारिक जीवनपयोगी शिक्षा प्रदान गरिएको,१४ वटा बालश्रमिकको परिवार सवलीकरणमा सघाइएको,३० वटा महिला समूह गठनसहित बालश्रमविरुद्ध परिचालित गरिएको छ । सामुदायिक विकास कार्यक्रमअन्तर्गत २९६ जना बालबालिकालाई उपचारात्मक सहयोग प्रदान,बालक्लब र युवा क्लब गठनदेखि बालबालिकाको लागि भ्रमणको व्यवस्थापन गरिएको पनि उनले जानकारी दिए । जीविकोपार्जन तथा शिक्षा परियोजनाअन्गर्तत ३२५ जना बालबालिकाहरुलाई वर्षको दुई पटक शैक्षिक सामग्री प्रदान गरिएको,१२ देखि १८ वर्षसम्मका बालिकाहरुको लागि जीवन सिकाइ परियोजनामार्फत् ७२० जनालाई व्यवहारिक सीप तथा साक्षरता कार्यक्रम संचालन गरिएको पनि अध्यक्ष लालचनले बताए । सामाजिक लेखा परीक्षण कार्यक्रममा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले पर्यटकीय क्षेत्रमा बालश्रमको जोखिम सधैँ रहीरहने बताउँदै न्यूनीकरणको लागि सामूहिक प्रतिवद्दताको खाँचो औंल्याए ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले सामाजिक क्षेत्रमा काम गर्ने संस्थाहरुले आफूले गरेका गतिविधिहरु पारदर्शी तरिकाले जनसमक्ष राख्नुपर्नेमा जोड दिए । सामाजिक विकास केन्द्रले विगतदेखि गरेका कार्यको स्मरण गर्दै उनले सबैको हातेमालोलेमात्र बालश्रमन्यूनीकरण हुने बताए। पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले अनौपचारिक क्षेत्रमा रहेका बालश्रमिकहरुको शिक्षा र स्वास्थ्यको लागि वडा र महानगरले सक्दो सहयोग गर्ने प्रतिवद्दता जनाए । पोखरा महानगरपालिकाको सामाजिक विकास शाखाकी बाल कल्याण अधिकृत विष्णु पौडेलले बालबालिकाहरुलाई निकृष्ट श्रममा लगाउन नपाइने र त्यस्तो पाइए कारवाही गरिने बताइन् ।

घरेलु श्रमिकको रुपमा कार्यरत विनु चौधरीले सामाजिक विकास केन्द्रबाट प्राप्त सहयोगप्रति कृतज्ञता जाहेर गर्दै निरन्तरताको कामना गरिन् । अर्की घरेलु श्रमिक कुशुमले अनौपचारिक कक्षाले आत्मबल बढाएको बताइन् । कोपिला नेपालकी तीर्थ थापाले बालश्रमको कारण के हो भन्ने पत्ता लगाउँदै बालबालिकाको क्षेत्रमा कार्य गर्ने संस्थाबीच सहकार्य हुनुपर्ने बताइन् । कार्यक्रममा स्वान्त सुखाय परोपकार प्रतिष्ठानका बाबुराम पन्त,अग्रज व्यवसायी चिनु गुरुङ,सामाजिक अभियन्ता उत्तम जोशी, साामाजिक विकास केन्द्रबाट सहयोग प्राप्त बालिकाकी अभिभावक शुष्मा बिक,इन्सेक गण्डकीका शिव खकुरेल,नवप्रभात मावि व्यवस्थापन समिति अध्यक्ष प्रिति पाण्डे,किडासाका रमेश बास्तोला,श्रम कार्यालय पोखराका वरिष्ठ श्रम अधिकृत सुरेश ढकालगायतले कार्यक्रबारे विभिन्न सुझावहरु दिएका थिए । कन्या क्याम्पस पोखराका प्रमुख सुरेशकुमार मानन्धरबाट प्रस्तुत सामाजिक लेखा परीक्षण कार्यक्रमको संचालन सामाजिक विकास केन्द्रका परियोजना सुपरभाइजर सुफल घिमिरेले गरेका थिए ।



# उत्कृष्ट होडमा अर्जुन, प्रदीप र हिमाल

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको आठौँ संस्करणको पोखरा स्पोर्ट्स अवार्ड अन्तर्गत वर्ष उत्कृष्ट खेलाडी (पुरुष) मा टेनिसका प्रदीप खड्का, क्रिकेटका अर्जुन कुमाल र भलिबलका हिमाल सुनारी मगरबीच प्रतिष्पर्धा हुने भएको छ । उनीहरू तीनजना मनोनयनमा परेको सार्वजनिक भएसँगै यो विधातर्फको अवार्ड कसले चुम्ला आ-आफ्नै अड्कलबाजी हुन थालेको छ । यहीं वैशाख २८ गते शुक्रबार पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रममा मनोनयनमा पर्ने तीनैजना आ-आफ्नो खेल क्षेत्रमा दख्खल राख्छन् ।




**अर्जुन कुमाल – क्रिकेट**

गुल्मीको छत्रकोट-५ खर्ज्याङ घर भएका अर्जुन कुमालको जन्म भारतको नयाँदिल्लीमा भएको हो । त्यसैले पनि उमेरले १८ टेकेका अर्जुन भारतको क्रिकेट संस्कारबाट अर्जुन टाढा हुन सकेनन् । उनले भारतमा गण्डकीका राहुल शर्मासँग क्रिकेट सिके । अहिले पनि उनी समय मिलाएर राहुलसँग प्रशिक्षण लिन भारत गइरहन्छन् । राहुलको आग्रहमै उनी पोखरा आएर गण्डकीबाट खेल्न सुरु गरे । १३ वर्षकै उमेरमा यू-१६ क्रिकेट लिग प्रतियोगितामा गण्डकी प्रदेशबाट विकेटकिपरको रुपमा टियुमा खेलेका थिए । २०२१ को प्रधानमन्त्री कपमा विभागीय टोली आर्मीविरुद्ध डेब्यू खेलमै ६ चौकासहित ३६ रन जोड्दै धेरैको ध्यान तानेका थिए । पाँच वर्षअघि यू-१६ हुँदै सुरुआत गरेका उनले घरेलु र अन्तर्राष्ट्रिय दुवै क्रिकेटमा लगातार सानदार प्रदर्शन गर्दै आएका छन् । २०१९ मा थाइल्याण्डमा सम्पन्न यू-१६ इस्टर्न रिजन प्रतियोगिताको छनोटबाट नेपाली क्रिकेटमा सुरुआत गरे । सानै उमेर यू-१९ को विश्वकप खेलेका अर्जुन २०८० सालको प्रदर्शनका आधारमा नै पोखरा स्पोर्ट्स अवार्डमा मनोनयनमा परेका छन् । अर्जुन यू-१९ टोलीमा पुगेको करिब एक वर्ष भइसकेको छ । २०८० सालमा उनले ४ वटा अन्तर र्राष्ट्रिय टुर गरे । यो सँगै आयरल्याण्ड र क्यानडासँग नेपाल 'ए' बाट खेले ।

यू-१९ को विश्वकपमा पाकिस्तान, अफगानिस्तान, न्यूजिल्याण्डसँगै नेपाल समुह 'डि' मा थिए । जसमा अर्जुनको प्रदर्शन उत्कृष्ट थियो । उनले न्युजिल्यान्डसँग ९० रन प्रहार गरेका थिए । उनकै प्रदर्शनमा विश्वकपको सुपर सिक्समा पुगेको थियो । मलेसियामा आयोजना भएको यू १९ एसीसी प्रिमियर कपको उपाधि जिताउँदा पनि उनले नेपालका लागि महत्वपूर्ण इनिङ्स खेलेका थिए । त्यहाँ उनले साउदी अरबविरुद्धको खेलमा १११ बलमा १७ चौका र २ छक्कासहित १४३ रन प्रहार गरे । फाइनलमा यूएईलाई हराउन ५५ रनको अर्धशतकीय इनिङ्स खेले । उनले यू-१९ एशिया कप पनि खेले । जहाँ उनले अफगानिस्तानविरुद्ध ९१ रनको इनिङ्स खेलेका थिए । यो बाहेक उनी २०८० सालमा गण्डकी प्रदेशबाट पिएम कप टि-२० र एक दिवसीय खेल खेलेका थिए ।

**प्रदीप खड्का – टेनिस**

मनोनयनमा परेका प्रदीप खड्का कास्की बस्छन् । उनी टेनिसका खेलाडी हुन् । २०५० साल वैशाख ७ गते पोखरामा जन्मिएका प्रदीप सानैदेखि टेनिस कोर्टसँग नजिक भए । जुनियर गेम खेल्दै १७ वर्षको उमेरमा उनले छैटौं सिटिजन बैंक ओपन टेनिस प्रतियोगिता खेले । अहिले उनी नेपालको टेनिसमा पुरुषतर्फ सिंगल र डबल दुबैमा नम्बर १ मा छन् । उनको यात्रा अहिलेसम्म जारी नै छ । उनले सातौं राष्ट्रिय खेलकुदमा टिम इभेन्टसतर्फ गोल्ड मेडल हात पार्दै आफूलाई राष्ट्रिय प्रतियोगितामा उभ्याएका हुन् । त्यसलगत्तै १३ औं दक्षिण एशियाली खेलकुद (साग) मा टिम इभेन्टतर्फ कास्य पदक जित्न सफल भए । उनले आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ओपन डबल्सतर्फ रजत, मेन्स सिंगल्सतर्फ कास्य, मेन्स टिम इभेन्टसमा कास्य पदक जिते । नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ३ स्वर्ण पदक जित्न सफल खेलाडी हुन् । उनले मेन्स सिंगल, मेन्स डबल र टिम इभेन्टमा स्वर्ण पदक जिते । यो विचमा उनले नेपाल र विदेशमा भएका प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका थिए । दश जोड २ पूरा गरेका प्रदीप २२ वर्षकै उमेरमा विदेशी प्रशिक्षक बन्नु पनि उनको अर्को सफलता हो ।

२०८० साल उनका लागि अझै उत्कृष्ट रह्यो । उनी १९ औं एसियन खेलकुदमा नेपालबाट सहभागिता जनाउँदै दोस्रो चरणमा पुगे । बहराइनमा भएको डेभिस कपमा पनि उनी सहभागी बने । दोस्रो सिलीगुरी मनिप्राइजमा सहभागी बनी दोस्रो भए । सोही वर्ष नै उनी १२ औं सहविर मेमोरियल ओपन टेनिसमा सिंगलतर्फ विजेता र डबल्समा उपविजेता भए । छैटौं बुटवल ओपन टेनिसमा विजेता (सिंगल) बने । २० औं माछापुच्छ्रे ओपनमा सिंगततफै दोस्रो भए । यस्तै पहिलो राइजिङ स्टार ओपनमा सिंगलतर्फ दोस्रो, तेस्रो विर गणेशमान सिंगल र डबल्समा प्रथम, नवौं सिटीजन बैंक ओपनमा मिक्स डबल्समा पहिलो र सिओएस राष्ट्रिय ओपस टेनिसमा मिक्स डबल्समा पनि प्रथम भएका थिए ।

**हिमाल सुनारी मगर – भलिबल**

गण्डकी प्रदेशबाट भलिबल खेल्ने हिमाल सुनारी मगरको जन्म २०५५ मंसिर २० गते पाल्पाको निस्दी गाउँपालिका ४ मा भएको हो । अहिले उनी नवलपुरको बौदीकाली ४ आमडाँडा बस्दै आएका छन् । उनको सानैदेखि भलिबलमा औधि रुचि थियो । दाइ होमबहादुर सुनारीको पछिपछि झुम्राको बल लिएर हिड्दाहिडदै उनी पनि भलिबल खेलाडी भए । सानैदेखि टोल, गाउँ, विद्यालय, पालिकाहुँदै जिल्ला स्तरीय प्रतियोगिता खेलेका उनी ६ वर्ष अघि नवलपुरको जिएम समाजसँग जोडिए । त्यसपछि गण्डकी प्रदेश भलिबल टिममा पर्न थाले । उनले २०७८ सालमा दोस्रो टाइगर कप पनि खेले । त्यो प्रतियोगितामा गण्डकीले उपाधि त जित्न सकेन तर, हिमालको क्वीक स्पाइकले सबैको ध्यान तानेको थियो । दोस्रो टाइगर कपमा उपाधि विहिन बनेको गण्डकीले तेस्रोमा भने उपाधि नै उचाल्यो । २०८० साल उनको लागि निकै उपलब्धीमुलक रह्यो । गण्डकीले सहभागिता जनाएको धेरैजसो प्रतियोगितामा उपाधि हात पऱ्यो । उनको उत्कृष्ट प्रदर्शनमा चितवनमा भएको अन्तर प्रदेश स्तरीय खेलकुदमा भलिबलतर्फ गण्डकीले स्वर्ण पदक हात पाऱ्यो । त्यहाँ हिमाल सर्वोत्कृष्ट खेलाडी चुनिएका थिए । यस्तै पोखरा मै भएको लामाचौर कप, मुख्यमन्त्री कप (झापा) र विरजंग कपमा गण्डकी प्रथम भयो । पोखरा भएको चौथो टाइगर कपमा गण्डकी दोस्रो बन्दा उनले उत्कृष्ट सर्भरको पुरस्कार हात पारे । कञ्चनपुरमा भएको मुख्यमन्त्री कप र बुटवलमा भएको मणिमुकुन्द कप गण्डकी द्वितिय भयो । यस्तै, ३४ औं राष्ट्रिय खेलकुद भलिबल र नवलपुरमा भएको जिएम कपमा तेस्रो बनेको गण्की एनभिए कप र बागलुङमा भएको बुकी कपमा चौथो बन्यो । उनले जिल्ला तथा पालिका स्तरीय प्रतियोगिताहरु पनि जितेका छन् ।

उनी २०८० सालमा दुवै र मलेसिया भलिबल खेल्न कै लागि पुगे । तनहुँ सेवा समाजको निमन्त्रणामा दुबै उत्कृष्ट खेल प्रस्तुत गरे । सगरमाथा क्लबको निमन्त्रणामा मलेसिया खेली उपाधि जित्दै सर्वोत्कृष्ट खेलाडी भएका थिए । अवार्ड कार्यक्रममा वर्ष खेलाडी पुरुष सहित लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका अध्यक्ष दीननाथ बरालले जनाए ।

मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी ईलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ । त्यसबाहेक अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही ३५/३५ हजार प्रदान गर्दछ ।

# मुस्ताङको चराङ-छोसेर सडक आयोजना अधुरो

**रासस**
म्याग्दी, २६ बैशाख

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत मुस्ताङको चराङ-छोसेर खण्डमा सडक निर्माण अधुरो रहेको छ । पाँच वर्षअघि सकिनुपर्ने २५ किलोमिटर दूरीको उक्त खण्डको काम अधुरो हुँदा स्थानीयवासी, पर्यटक र व्यवसायीलाई सास्ती भएको छ ।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले सडक निर्माणमा भएको ढिलाइका कारण यातायात सञ्चालनमा समस्या, दुर्घटनाको जोखिम, खाल्डाखुल्डी, धुलो र हिलोले हैरान बनाएको बताउनुभयो । "विसं २०७३ मा सुरु भएको निर्माणले अझै पूर्णता पाएको छैन", उहाँले भन्नुभयो, "पछिल्लो डेढ वर्षयता निर्माण कार्य झनै सुस्त बनेको छ ।" लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको केन्द्र चराङबाट लोमान्थाङ गाउँपालिका-१ छोसेरको नेचुङ जोड्ने २५ किलोमिटर सडक स्तरोन्नति गर्न विसं २०७२ मा तामाङ-गौरी-पार्वती-कोशी एन्ड न्यौपाने जेभीले रु २६ करोडमा ठेक्का लिएको थियो । धुलोमा गाडी फस्ने, उकालो, साँघुरो ठाउँमा सवारी साधन वारपार गर्न समस्या हुँदै आएको स्थानीय बताउँछन् । चराङमा कुलो र ढलको काम बाँकी रहेको आयोजना कार्यालयले जनाएको छ । अरू ठाउँमा कटिङ र फिनिसिङको काम हुन बाँकी रहेको आयोजना प्रमुख ध्रुवकुमार झाले जानकारी दिनुभयो । सडक छेउमा अलपत्र छाडिएका निर्माण सामग्रीले आवतजावत गर्न समस्या बनाएको स्थानीयले गुनासो गरेका छन् । विसं २०७५ साउनमा सम्पन्न गर्ने लक्ष्य राखिएको सो खण्डको भौतिक प्रगति करिब ८० प्रतिशत रहेको बेनी-जोमसोम-कोरला सडक आयोजनाले जनाएको छ । ११ मिटर फराकिलो बनाउने, नाली र पर्खाल निर्माण गरी ग्राभेल गर्ने लक्ष्यसहित आयोजना सञ्चालन भएको हो । आयोजना प्रमुख झाले निर्माण कम्पनीलाई काममा फर्काउन पत्राचार र मौखिक रूपमा ताकेता गरिएको बताउनुभयो । "ठेकेदारले मेसिन मर्मत गरेर केही दिनमै काम सुरु गर्ने प्रतिबद्धतासहित कार्यक्षेत्रमा आएको जानकारी गराएका छन्", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षभित्र नै काम सम्पन्न गराउन ताकेता गरिरहेका छौं ।" मुस्ताङको सदरमुकाम जोमसोमबाट चीनको सिमाना कोरला नाका जोड्ने एक सय १० किलोमिटर सडक दुई लेनको ग्राभेल बनाउन बेनी-जोमसोम-कोरला सडक आयोजनाले विसं २०७३/७४ देखि सातवटा खण्डमा ठेक्का लगाएको थियो । जोमसोम-कोरला सडकको छवटा प्याकेजको ७५ किलोमिटर सडक विस्तार, पर्खाल, नाली निर्माण, घुम्ती र ग्रेड सुधार गरी ग्राभेल गर्ने काम सकिएको छ ।

उक्त सडक स्तरोन्नतिका लागि रु दुई अर्ब छ करोड बजेट विनियोजन भएको थियो । जोमसोम-ताङ्वे १८ किलोमिटर बज्रगुरु खड्गकृष्ण जेभी, ताङ्वेबाट चैलेसम्म ११ किलोमिटर दिवाडाँफे एपेक्स जेभी, चैलेबाट भेनासम्म ११ किलोमिटर कान्छाराम कोसी एण्ड न्यौपाने जेभी र भेनाबाट भैंतेसम्म १२ किलोमिटर सडक कञ्चनजङ्घा लामा बिल्डर्स बिरुवा जेभीले ठेक्का लिएका छन् । भैंते-चराङ १९ किलोमिटर कञ्चनजङ्घा-लामा-मोतिदान जेभी र छोसेर-कोरला १४ किलोमिटर सडक स्तरोन्नतिको जिम्मा रौताहा-एपेक्स जेभी कन्स्ट्रक्सनले लिएका थिए ।

# दिवङ्गत आमा सम्झँदै ज्येष्ठ नागरिक आश्रम

**रासस**
तनहुँ, २६ बैशाख

"स्वर्गीय आमाको झलझली याद आयो र न्यास्रो मेट्न आश्रमका आमाहरू भेट्न आएको हुँ", व्यास नगरपालिका-३ का ५० वर्षीय दीपक रानामगर बोल्दाबोल्दै भक्कानिएर भन्नुभयो, "आमाको अभावमा उहाँको याद झनै आउँदो रहेछ ।"

व्यास-५ चापाघाटस्थित वेदव्यास ज्येष्ठ नागरिक आश्रममा आश्रय लिँदै आउनुभएका आमाहरूलाई भेटेपछि रानामगर भावनामा आउनुभएको हो । विसं २०७७ मङ्सिर ८ गतेका दिन ६९ वर्षीया आमालाई आफूले गुमाएदेखि जहिल्यै आमाको अभाव खड्किएको उहाँको भनाइ छ । नौ महिनासम्म गर्भमा राखी कष्ट सहेर जन्म दिने आमाको तुलनामा दोस्रो कोही पनि हुन नसक्ने उहाँले बताउनुभयो । "आमाको अभावमा यति धेरै विक्षिप्त भइने रहेछ कि कतै बूढी मान्छे देखिए पनि मेरै आमा झैं लाग्ने रहेछ", रानामगरले भन्नुभयो, "ज्येष्ठ नागरिक आश्रममा बुबाआमालाई पठाउन बाध्य कसैले पार्न हुँदैन । आमाको वियोगमा कसैले पनि जीवन बिताउन नपरोस् ।" स्वर्गीय आमाबाबाको यादमा जहिल्यै ज्येष्ठ नागरिक आश्रममा आएर समय बिताउने गरेको व्यास-११ का ५२ वर्षीय श्रीराम पन्थले बताउनुभयो । आमाबुबाको मृत्यु पछि याद गरेर तड्पिनुभन्दा जीवित छँदै सेवा र रेखदेख गर्न सबैमा सुझाव दिने गरेको पन्थको भनाइ छ । "बुबाआमा साथमा हुँदाको बखतभन्दा नहुँदाको यादले निकै तड्पाउने रहेछ", पन्थले भन्नुभयो, "संसारमा सबै कुरा पाइए पनि बुबाआमा कहाँ पाइएला र ? त्यसैले जीवन सहँदै खुसी, माया र सम्मान दिनुपर्छ ।" उक्त आश्रममा ७० वर्षीया ठूलीमाया परियार र ७२ वर्षीया विमला भट्टराईसहित दुई बेवारिसे आमा गरी चारजनाले आश्रय लिँदै आउनुभएको छ । तीन वर्षअघि श्रीमान्को मृत्युभएपछि आफू आश्रममा आउन बाध्य भएको मनमाया परियारले बताउनुभयो । सौतेनी छोराछोरीले तथानाम गाली गरेपछि आफू आश्रममा आउन बाध्यभएको उहाँको भनाइ छ । भट्टराईले पनि आफ्ना तीन छोरा र छोरी भए पनि वास्ता नगर्दा आश्रममा बस्नु परेको बताउनुभयो । आश्रममा बस्दै आउनुभएका अन्य दुई आमा भने बेवारिसे अवस्थामा भेटिनुभएको आश्रम सञ्चालक समितिले जनाएको छ । "छोराछोरीको साथमा बस्ने चाहना कसलाई पो नहुँदो होला र ?", भट्टराईले भन्नुभयो, "आफूले जन्माएका सन्तानले दिनदिनै वचन लगाएपछि आश्रममा बस्नु नै ठीक ठानेँ ।" मातातीर्थ औँसीको दिन पारेर आज आश्रममा रहनुभएका आमाहरूलाई भेट्न आउनेहरूको सङ्ख्या ३५ जनाभन्दा बढी रहेको वेदव्यास ज्येष्ठ नागरिक आश्रम सञ्चालक समितिका कार्यवाहक अध्यक्ष सकुन्तला आलेले जानकारी दिनुभयो ।

आश्रमले मासिक रु २० हजार दिई ज्येष्ठ नागरिकको व्यवस्थापन गर्न सृजना श्रेष्ठलाई नियुक्त गरेको उहाँले बताउनुभयो । "मातातीर्थ औँसीको दिन आमा सम्झँदै आश्रममा आउनेको घुइँचो बढेको छ", अध्यक्ष आलेले भन्नुभयो, "मनकारी व्यक्तिहरूले दिनुभएको दानबाटै आश्रमका आमाहरूलाई व्यवस्थापन गर्न सकेका छौँ ।" विसं २०७० देखि सञ्चालित आश्रममा हालसम्म २० जना ज्येष्ठ नागरिकले सेवा लिई सक्नुभएको आश्रम सञ्चालक समितिका संस्थापक सचिव निर्मला मल्लले जानकारी दिनुभयो । संस्थामा आबद्ध दुई सय ३५ जना दमौलीका व्यावसायिक महिलाहरूको मुठीदान र मनकारी व्यक्तिबाट जुटेको सहयोगले आश्रम सञ्चालन भइरहेको उहाँको भनाइ छ ।

# मुग्लिन ...

किलोमिटर सडकमा निर्माण भइरहेको आयोजना पूर्वी खण्डका प्रमुख श्यामकुमार यादवले जानकारी दिनुभयो । उहाँका अनुसार पूर्वी सडकअन्तर्गत दमौली, डुम्रे र आँबुखैरेनी क्षेत्रमा तीनवटा ठूला पुल निर्माण भइरहेको छ । यस खण्डमा हालसम्म ५७ प्रतिशत कार्यप्रगति भएको छ । उक्त खण्डमा हालसम्म १८ किमी चार लेन र नौ किमी दुई लेन सडक कालोपत्र भइसकेको छ । त्यसैगरी पश्चिम खण्डमा करिब दुई हजार दुई सय विद्युत् पोल हटाउनुपर्नेमध्ये करिब ५० प्रतिशत हटाइएको छ । यो खण्डमा ११ किमी सडक कालोपत्र गरिसकिएको छ । यस खण्डमा हालसम्म करिब २३ प्रतिशत कार्यप्रगति भइसकेको पश्चिम खण्डका इन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो । राजमार्गका दायाँ बायाँका विद्युत् पोल हटाउने कार्यलाई तीव्रता दिइएको छ, तनहुँको खैरेनीटारबाट कोत्रेवारिसम्म र कास्कीको कोत्रेपारिदेखि तल्लो गगनगौडासम्म पोल हटाउन बाँकी छ", इन्जिनियर पौडेल जानकारी दिनुभयो ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने :**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने :**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोती, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# ब्रेक थ्रुमा सफलता

राष्ट्रिय गौरवको सुनकोसी–मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङ बुधबार 'ब्रेक थ्रुु' (छिचोलिएको) छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले उक्त सुरुङको ब्रेक थ्रुु गरे। सिन्धुली र रामेछाप सीमानामा रहेको सुनकोसी नदीको पानीलाई बाँध बाँधी १३.३ किलोमिटर लामो सुरुङमार्फत मरिण नदीमा खसालेर बागमती नदी हुँदै बागमती सिँचाइ आयोजनामा पुर्‍याइने छ।

त्यसपछि धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराको १ लाख २२ हजार हेक्टर जमिनमा बाह्रैमास सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यसहित अगाडि बढेको आयोजनाको सुरुङ ब्रेक थ्रुपछि पनि समग्र भौतिक प्रगति भने २९.९३ प्रतिशतमात्र छ। प्रधानमन्त्री प्रचण्डले दुई महत्वपूर्ण सुरुङमार्गको ब्रेकथ्रु गर्ने अवसर पाएका छन्।तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अरुलाई उद्घारु गर्न मौका दिएकोछ। आयोजना निर्देशक मित्र बरालका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा आयोजनाको लक्ष्यअनुसार भने भौतिक र वित्तीय प्रगति राम्रो देखिएको छ। आयोजनाको समष्टिगत भौतिक प्रगति ३० प्रतिशत र चालु आव हालसम्मको भौतिक प्रगति १२५.७५ प्रतिशत छ। आयोजनाको समग्र वित्तीय प्रगति २७.७३ प्रतिशत र चालु आवको वित्तीय प्रगति ९२.१५ प्रतिशत पुगेको छ।

२०७६/७७ मा सुरु भएको आयोजना २०८५/८६ मा सक्ने लक्ष्य छ। सुरुङ ब्रेक थ्रु गर्न आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले आयोजनाको बाँकी कामसमेत निर्धारित समयमा नै सम्पन्न गर्ने प्रतिबद्धता जनाए। आयोजना ४९ अर्ब ४२ करोड ३१ लाख लागतमा निर्माण हुँदैछ। यो आयोजनाबाट सिँचाइसहित मरिण नदीमा पानी पथान्तरण गरी प्राप्त हुने ६६.२९ मिटरको 'ग्रस हेड' उपयोग गरी ३१.०७ मेगावाट जलविद्युत् उत्पादन लक्ष्यसमेत लिइएको छ।

यो आयोजनाले मधेश प्रदेशका पाँच उर्वर भूमि रहेका जिल्लामा वर्षैभरि सिँचाइ सुविधा पुर्‍याइ कृषि उत्पादकत्व बढाउने र जलविद्युत् उत्पादनबाट समग्र अर्थतन्त्रमा टेवा पुग्ने अपेक्षा गरएको छ। तर, जुन गतिमा सुरुङ खन्ने काम सम्पन्न भयो, सोही गतिमा अन्य काम अगाडि नबढ्दा भने तोकिएको समयमा समग्र आयोजना सम्पन्न हुनेमा भने अझै शंका छ। शुरुमा काम गरेको देखाउन भनेकी जनताको विश्वास जित्नु हो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : मानसिक तनाव |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# उद्यमी बन्ने बाटोमा जैमिनीका किसान

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ वैशाख

बागलुङको जैमिनी नगरपालिका–३ दमेकको नौला, कालापातल, दहलगायत क्षेत्रमा हिउँद बर्खा दुवै याममा आलुको राम्रो उत्पादन हुन्छ। केही वर्ष अघिसम्म यहाँ नागरिकले आलुसँग अन्न साटेर वर्षभरिको खर्च चलाउँथे। दाल–चामल, नुनतेल र मसलाको जोहो गर्न आलुनै स्रोत थियो।

उपल्लो दमेकको उत्पादन आलु मात्रै होइन मकै, कोदो, सिस्नो र बाँको पनि हुन्। पुर्खाले जे–जसरी उपभोग गर्न सिकाए उसैगरी यहाँका नागरिकले उत्पादनको उपभोग गरे पनि जमाना फेरिएको छ। पहिलेजस्तो आलु साट्न कालापातल कोही पुर्दैनन्। चामल खानकै लागि कालापातलवासीले आलु साट्न आउनेहरूलाई कुर्नु पर्दैन। आजभोलि दमेकको आलुको चिप्स, सिरिस्ले मकै ब्रान्ड भएको र सिस्नोको धुलो विदेश निर्यात हुन्छ। नगरपालिकाले आफ्ना नागरिकलाई उद्यमी बनाउने अभियानअन्तर्गत रैथाने र परम्परागत बालीलाई आधुनिक उपभोग्य वस्तु बनाउन सिकाएको छ। नगरले उद्यमशीलता तालिम सञ्चालन गरिरहेको छ।

स्थानीय तहमा रहेका कच्चापदार्थको उपयोग गर्दै नागरिकलाई आम्दानीसँग जोड्न विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आइरहेको उपप्रमुख हरिहर शर्मा बताउनुहुन्छ। दमेकमा आलु चिप्स, दालमोठ, भुजिया, फुरनदाना, नमकिन, चना र फ्राई चिउरा बनाउने तालिम नगरपालिकाले सञ्चालन गरेको थियो। त्यसपछि दमेकबासीले आलु चिप्स विदेश निर्यात गर्न थालेका छन्। "रु एक सय ५० मा बिक्री हुने आलुको रु एक हजार पर्ने गरी चिप्स बन्छ, किसानलाई धेरै फाइदा भएको छ", वडाध्यक्ष कृष्णबहादुर भुजेलले भन्नुभयो, "हाम्रो वडाका नागरिक केही न केही निर्यात गर्छन् जसको आम्दानीले खर्च चलेको छ।" गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम जैमिनीमा सञ्चालित छ। त्यसले उद्यमी बन्न प्रेरित गर्ने नगरप्रमुख नरबहादुर पुनले बताउनुभयो। उद्यमशीलताको विकासका लागि जैमिनीले लगानी गर्ने उहाको धारणा थियो। कृषिजन्य वस्तुको उत्पादन, बजारीकरण र प्रवर्द्धन गर्नका लागि कृषकसँग सहकार्य गर्नुपर्ने चर्चा गर्दै नगरप्रमुख पुनले नगरले दिएको सीपलाई नागरिकले व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिनुभयो। स्थानीय स्रोत र साधनको परिचालन गरी रोजगारी सिर्जना गर्ने तथा किसानलाई आत्मनिर्भर गराई आम्दानी बढाउनका लागि सबैसँग सहकार्य गर्ने वडाध्यक्ष भुजेल बताउनुहुन्छ।

# बडिगाड गाउँपालिकाले ग्रिन हाइड्रोजन उत्पादन गर्ने

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ वैशाख

बागलुङको बडिगाड गाउँपालिकाले स्वच्छ ऊर्जा (ग्रिन हाइड्रोजन) उत्पादन गर्ने भएको छ।

गाउँपालिकाले खेर गइरहेको पानीलाई सदुपयोग गरी ऊर्जा उत्पादन गर्ने भएको हो। ग्रिन हाइड्रोजन उत्पादनका लागि प्रक्रिया अगाडि बढाइएको गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले बताउनुभयो। वडा नं २ मा रहेको गिरिङ्दी खोला लघुजलविद्युत् आयोजनाबाट शत् प्रतिशत स्वच्छ ऊर्जा उत्पादन गरिने उहाँको भनाइ छ। ग्रिन हाइड्रोजन उत्पादनका लागि नेपाल इनर्जी फाउन्डेसन, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, इम्बोटेक युके, इन्भेस्टिन ग्रिनलगायत संस्थाहरूसँग सहकार्य गरेको अध्यक्ष अधिकारीले बताउनुभयो। जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादनपछि खेर गएको पानीलाई सदुपयोग गरी हाइड्रोजन उत्पादन गरिने अध्यक्ष अधिकारी बताउनुहुन्छ। विश्व बजारमा नयाँ प्रविधिमार्फत उत्पादन गरिने ऊर्जाका रूपमा रहेको ग्रिन हाइड्रोजन खासगरी खाना पकाउनका लागि उपयोग हुने अधिकारीले बताउनुभयो। अध्यक्ष अधिकारीले भन्नुभयो, "विभिन्न सङ्घसंस्थाहरूसँग सहकार्य गरेर नयाँ कामको सुरुआत गरेका छौँ, अब गिरिङ्गी जलविद्युत् आयोजनामा हाइड्रोजन प्लान्ट निर्माण गरिनेछ, अहिले आवश्यक उपकरण, प्लान्ट ल्याउने काम हुँदैछ, योजनाअनुसार काम सम्पन्न भएमा सन् २०२४ भित्रै हाइड्रोजन उत्पादनको काम सम्पन्न हुनेछ, सुरुआतमा गिरिङ्दी खोलाका उपभोक्तालाई चुल्हो र सिलिन्डर वितरण गरी यसको प्रयोगमा ल्याइनेछ, पछि सबैतिर विस्तार गर्ने योजना छ।" गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले पछिल्लो समय बढ्दो जलवायु परिवर्तनका विभिन्न असर पर्दै गएको हुँदा गाउँपालिकाले शतप्रतिशत स्वच्छ ऊर्जा मानिने ग्रिन हाइड्रोजनको उत्पादन गरी र प्रयोग बढाउने बताउनुभयो। अन्य ऊर्जाको तुलनामा सुरक्षित, वातावरणीय पर्यावरणलाई समेत असर नगर्ने हाइड्रोजन एलपी ग्यासको तुलनामा सस्तोसमेत हुने उहाँको भनाइ छ। उत्पादित हाइड्रोजनलाई सिलिन्डरमार्फत उपभोक्तालाई घरघरमा वितरण गरिने उपाध्यक्ष वन बताउनुहुन्छ।

हाइड्रोजन उत्पादन गर्ने लक्ष्यका साथ मङ्गलबार वडा नं २ खर्बाडमा हाइड्रोजनद्वारा खाना पकाउने प्रविधिबारे प्रदर्शन गरिएको छ। हाइड्रोजनको महत्व र यसको व्यावसायिक उपयोगिताबारे जानकारी दिने उद्देश्यले परीक्षणका रूपमा काठमाडौँबाट ल्याइएको हाइड्रोजनबाट खाना पकाए नमूना प्रदर्शन गरिएको थियो। हाइड्रोजनको प्रयोग बढाउन र यसको उत्पादनपश्चात् उपभोक्ताले कसरी प्रयोगमा ल्याउन सक्छन् भन्नेबारे नमूना प्रदर्शन गरिएको उपाध्यक्ष वनले बताउनुभयो। हाइड्रोजनमार्फत खाना पकाएर नमूना देखाइएको थियो।

# म्याग्दीको विकट खतेन गाउँमा विद्युतीकरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ वैशाख

म्याग्दीको मालिका गाउँपालिका–३ खतेन गाउँमा विद्युत् सेवा विस्तार भएको छ। नेपाल विद्युत् प्राधिकरणले विकट खतेन गाउँमा सेवा विस्तार गरेको हो।

प्राधिकरणको म्याग्दी वितरण केन्द्रका प्रमुख प्रताप बरालका अनुसार खतेन गाउँका ६० घरमा केन्द्रीय प्रसारण लाइनको बिजुली बलेको छ।"घरघरमा मिटरबक्स जडान भएपछि खतेन गाउँमा विद्युत् वितरण थालिएको हो", उहाँले भन्नुभयो, "खतेनका छिमेकी बस्तीका करिब चार सय घरमा पनि मिटरबक्स वितरणको तयारी गरेका छौँ।" मालिका गाउँपालिकाको २, ३ र ४ नम्बर वडाका चार सय घरमा विद्युतीकरणका लागि जडान गरिएको 'ट्रान्सफर्मर' र मुख्य लाइनको गत चैत अन्तिम साता परीक्षण गरिएको थियो। "मालिकाको वडा नं २ को रुम, बेली, जेम, घाइलेपानी, वडा नं ३ को लुप्सीपार, पाल्ने र ४ नं वडाको ओखरबोटको मुख्य र शाखा लाइनको पोल गाड्ने, तार तान्ने र ट्रान्सफर्मर जडान र परीक्षण सफल भएको छ", उहाँले भन्नुभयो, "विद्युत् प्राधिकरणले मिटर बक्स वितरण, हाउस वायरिङ गरेपछि चार सय घरधुरीमा केन्द्रीय लाइनको बिजुली बल्छ।" नेपाल विद्युत् प्राधिकरणको पूर्ण विद्युतीकरण कार्यक्रमअन्तर्गत पहिलो चरणमा मालिकाका तीनवटा वडामा बिजुली बाल्ने तयारी भएको हो। मालिकाको २, ३ र ४ नं वडाको घ्याङ्लेपानीबाहेकका बस्तीका बासिन्दाले हाल उज्यालोका लागि लघुजलविद्युत् परियोजनाको विद्युत् प्रयोग गर्दै आएका छन्। विद्युतको कुनै स्रोत नभएको घ्याङ्लेपानीका बासिन्दा 'सोलार' बत्ती र टुकी प्रयोग गर्छन्। वर्षौंको प्रयासपछि बिजुली बाल्ने तयारी भएको मालिका–३ का वडाध्यक्ष मोतिप्रसाद बुढाले बताउनुभयो। रुम गाउँमा चार वर्षअघि तार तानेर पोल गाडिएको थियो।

म्याग्दीका १४ स्थानका दुई हजार एक सय ८३ घरमा राष्ट्रिय प्रसारणको विद्युत् सुविधा विस्तार गर्न गत वर्ष रु २० करोड बजेट विनियोजन भएको थियो। यो योजनामार्फत म्याग्दीको दुर्गम क्षेत्रमा पर्ने धवलागिरि गाउँपालिकाको गुर्जाबाहेक सबै बस्तीमा केन्द्रीय लाइनको विद्युत् सेवा पुग्ने प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताउनुभयो।

एक वर्षभित्र विद्युतीकरणसम्बन्धी सम्पूर्ण काम सम्पन्न गर्ने प्राधिकरणको लक्ष्य छ। प्राधिकरणको म्याग्दी वितरण केन्द्रअन्तर्गत २२ हजार ग्राहक छन्। गत आर्थिक वर्षमा एक हजार दुई सय ३८ उपभोक्ता थपिएका थिए।

# पितापुर्खाको सीप पछ्याउँदै मह सिकार

**रामबहादुर थापा**
पोखरा, २६ वैशाख/रासस

पराङ, सुथरी, दाबिलो, साज, जाबो, डालीलगायत सामग्री जोरजाम पारेपछि मह सिकारी अक्करे भिरतिर उकालो लाग्छन्। भिरको टुप्पोमा पुगेपछि सुरु हुन्छ भिरमौरीको मह सिकार। सिकारीहरू पहिले पितृ र प्रकृतिलाई पुकार्छन्। सिकारका बेला कुनै अप्रिय घटना नहोस् भनेर कामना गर्छन्। सिकारमा १५ देखि २० जनासम्मको सूमह हुन्छ। टोली नेताले सिकारको नेतृत्व सम्हाल्छन्। मुख्य सिकारीलाई 'भिरौटे' भनिन्छ। जो पराङमा झुण्डिएर मह काढ्न भिर छिचोल्छन्। ज्यानकै बाजी उठाएर मह काढ्छन्। पहाडी भेगका भिमकाय भिर र पहरामा बर्सेनि गाउँलेहरू यसरी मह सिकारमा रमाउँछन्। पितापुर्खाको छाडेको सीपलाई पछ्याउँदै उनीहरूले मह सिकारको चलन धानिरहेका छन्।

मङ्गलबारेदेखि मह सिकारमा व्यस्त बागलुङको ताराखोला गाउँपालिका–५ का रतनबहादुर घर्तीले अझ्झै ३० वर्षदेखि भिरमौरीको मह काढ्दै आएको बताउनुभयो। "हाम्रा बाउबाजेले सिकाएको मह सिकारको ज्ञान र सीपलाई हामीले अँगालेका छौँ", उहाँले भन्नुभयो, "हरेक वर्ष ताराखोलामा मह सिकार हुँदै आएको छ।" घर्तीका अनुसार ताराखोला–५ को ठूलो भिर र माडो भिरमा धेरै मात्रामा भिरमौरी पाइन्छ। यस वर्ष ठूलो भिर सामुदायिक वन क्षेत्रमा आठ घार भिरमौरीबाट दुई सय ६० लिटर मह काढिएको उहाँले बताउनुभयो। "मङ्गलबारेदेखि जुल्फे सामुदायिक वनमा पर्ने माडो भिरमा मह काढ्न सुरु गरिएको छ", ५१ वर्षीय घर्तीले भन्नुभयो, "१४ घारको मह काढ्न अझ एक/दुई दिन लाग्न सक्छ।" ताराखोलाका अन्य भिरमा पनि एक/दुई घार मौरी रहेको उहाँले बताउनुभयो। कुनै वर्षमा दुई याममा मह पाइने भए पनि प्रायः वर्षको एकपटक मात्र मह काढ्न मिल्ने घर्तीको भनाइ छ। मह सिकार जोखिमपूर्ण हुने हुँदा जो कसैले सजिलै महको सिकार गर्न नसक्ने जुल्फे सामुदायिक वन उपभोक्ता समूहका सचिव नारायण घर्तीले बताउनुभयो। "मह सिकार साहसिक र उत्तिकै जोखिमपूर्ण पनि हुन्छ, आँट र कौशल भएकालाई मात्र सिकारमा पठाउने गरिन्छ", उहाँले भन्नुभयो, "पराङमा झुण्डिएर मह काढ्नुपर्छ, मौरीले आक्रमण गर्ने उस्तै डर हुन्छ।" मह सिकारका लागि चाहिने अधिकांश सामग्री लेकाली चोयाँबाट बनाउने गरिन्छ। चोयाँ र काठबाट बनेको पराङ (भऱ्याङ) मह सिकारका लागि चाहिने मुख्य सामग्री हो। त्यसकै सहायतामा सिकारीहरू भिरमा पुग्छन्। सुथरी (डोरी), चाका भिक्ने साज, मह राख्ने डाली पनि निगालोको चोयाँबाट बनाउने गरिएको सचिव घर्तीले बताउनुभयो। "पराङलाई रुख र रुख नभएको ठाउँमा ठूलो ढुङ्गामा बाँधेर भिरमा खसालिन्छ, त्यसबाटै सिकारी मौरीको घारनजिक पुग्छन्", उहाँले भन्नुभयो, "निगालोको टुप्पोमा हँसिया बाँधेर साज बनाइन्छ, त्यसैले काटेर महको चाका घारबाट छुट्याइन्छ र तलपट्टि डालीमा थापिन्छ।" मौरीको टोकाइबाट बच्न जाबोले मुहार छोप्ने गरिएको उहाँको भनाइ छ। मह निकालेपछि सिकारमा संलग्न र अरु सहभागीलाई बाँड्ने प्रचलन छ। धेरै मात्रामा मह निस्केमा बाहिर बिक्रीसमेत गर्ने गरिएको सचिव घर्तीले बताउनुभयो। एक लिटर महलाई रु १५ सयसम्ममा बिक्री गर्ने गरिएको छ। "संस्कृति र परम्पराका रुपमा घरगाउँमा भिरमहको सिकार हुँदै आए पनि अब यसलाई व्यावसायिक बनाउन जरुरी छ", सचिव घर्तीले भन्नुभयो। ताराखोलाकै मपेसमा रहेको तीन घार भिरमौरीको मह पनि काढ्ने तयारी भइरहेको जनाइएको छ। ग्रामीण पर्यटन प्रवर्द्धनमा भिरमहलाई जोड्दै आएको गलकोट नगरपालिका–१० रुमुवाको सरस्वती युवा क्लबले अहिले 'मह सिकार महोत्सव'कै आयोजना गरेको छ। वडा कार्यालयसँग मिलेर क्लबले बर्सेनि मह सिकारको कार्यक्रम आयोजना गर्दै आएको क्लबका अध्यक्ष उदिम घर्तीले बताउनुभयो।

पछिल्लो समय साहसिक मह सिकार पर्यटकीय आकर्षणसमेत बन्न थालेको उहाँको भनाइ छ। औषधिजन्य गुण र स्वास्थ्यवर्द्धक मानिने हुँदा उपभोक्ताले पनि खोजीखोजी भिर मह प्रयोग गर्छन्। मह सिकार हेर्न र महको स्वाद लिन पनि रुमुवामा आगन्तुकको सङ्ख्या बढ्दै गएको अध्यक्ष घर्तीले बताउनुभयो। रुमुवाका भिरमा प्रशस्त भिरमौरी पाइने गलकोट–१० का अध्यक्ष भक्तबहादुर काउचाले बताउनुभयो। गाउँलेले पुस्तौँदेखि मह सिकार गर्दै आएको उहाँको भनाइ छ। "अनुभवी सिकारीले रैथाने सीप र प्रविधिमार्फत मह सिकार गर्दै आएका छन्" वडाध्यक्ष काउचाले भन्नुभयो, "पछिल्लो समय यसलाई उत्सवकै रुपमा लिन थालिएको छ।" महसिकारलाई साहसिक पर्यटनसँग जोड्नुपर्ने उहाँले बताउनुभयो। ताराखोला, बडिगाड, गलकोटको रुमुवालगायत बागलुङका अन्य ठाउँमा पनि मह सिकार हुँदै आएको छ। गलकोट नगरपालिका–४ निलुवामा पनि केही वर्षअघि 'मह सिकार महोत्सव' आयोजना गरिएको थियो। निलुवाको पाँच सय मिटर अग्लो भिरमा पनि रुमुवाकै अनुभवी सिकारीले मह काढेका थिए। कास्कीको अन्नपूर्ण गाउँपालिका–७ लान्द्रुकस्थित कोटेसाङमा आउँदो जेठ ८ गतेदेखि १० गतेसम्म 'मह सिकार महोत्सव' आयोजना गरिएको छ। पर्यटन प्रवर्द्धनसँगै स्थानीय कला तथा संस्कृतिको संरक्षण हेतु उक्त महोत्सव गर्न लागिएको वडाध्यक्ष भरतमान गुरुङले बताउनुभयो।

# जापानको सहयोगमा विद्यालय भवन निर्माण

**पोखरापत्र संवाददाता**
गोरखा, २६ वैशाख

सहिद लखन गाउँपालिका–८ बुङ्कोटस्थित रामेश्वरी माध्यामिक विद्यालयको चारकोठे पक्की भवन निर्माण सम्पन्न भएको छ।

जापान सरकारको आर्थिक सहयोगमा करिब रु दुई करोड ८९ लाख लागतमा विद्यालय भवनसहितको संरचना निर्माण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानबहादुर रम्तेलले जानकारी दिनुभयो। "नवनिर्मित बालमैत्री भवनसँगै विद्यालयमा खानेपानी, कक्षाकोठाका लागि आवश्यक पर्ने फर्निचर तथा फूलबारीको पनि व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो, "विद्यालय भवनको सुरक्षाका लागि घेराबारसमेत लगाइएको छ।" विसं २०८० असारमा शिलान्यास गरिएको भवन चैतमा नै निर्माण सम्पन्न भएको हो।

एकीकरण नेपाल गोरखा नामक गैरसरकारी संस्थाको सार्वजनिक विद्यालयको सिकाइ वातावरण सुधार परियोजनाअन्तर्गत भवन निर्माण गरिएको हो। नवनिर्मित भवन विद्यालयलाई हस्तान्तरण भइसकेको छ। भवन निर्माणमा 'चाइल्ड फण्ड' जापानले प्राविधिक सहयोग गरेको थियो।

# राजमार्गमा हिलो र धुलोले सास्ती

**रामबहादुर थापा**
पोखरा, २६ बैशाख/रासस



पर्यटकीय राजधानी पोखरा जोड्ने दुई ठूला राजमार्ग विस्तार तथा स्तरोन्नतिमा भइरहेको ढिलासुस्तीको प्रत्यक्ष मार यात्रु र सवारीचालकले खेप्नुपरिरहेको छ। पोखरा-मुग्लिन सडक आयोजना र मध्यपहाडी लोकमार्गअन्तर्गत कास्कीको हरिचोक-याम्दी सडक समयमा नबन्दा वर्षात्मा हिलो र हिउँदमा धुलो छिचोल्दै यात्रा गर्नुपर्ने बाध्यता छ।

दुवै राजमार्गबाट आउजाउ गर्ने सर्वसाधारण यात्रु र स्थानीयवासीले हिलो र धुलोको सास्तीबाट कहिले मुक्ति पाउछन् टुङ्गो छैन । 'प्रि-मनसुन'को याम चलिरहेकाले पानी पर्दासाथ सडक हिलाम्मे हुने र घाम लाग्दा धुलाम्मे हुने गरेको छ। सडक स्तरीय नहुँदा पैदलयात्रीसमेत समस्या व्यहोर्न बाध्य छन् ।

पोखरा-दमौली चल्ने बसका सह-चालक दीपक परियारले सडककै कारण सवारी जामलगायतका समस्या भोग्नुपरिरहेको सुनाउनुभयो । "निर्माणका क्रममा भएकाले सडक ठाउँठाउँमा भत्किएको छ, यात्रामा जोखिम छ", उहाँले भन्नुभयो, "सडकको काम ढिलो हुँदा यो समस्या धेरै लम्बिने देखिन्छ ।" आउँदो वर्षायाममा पोखरा-मुग्लिङ यात्रा थप कष्टकर बन्ने परियारले बताउनुभयो । पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य सडकमार्गको दुरावस्थाका कारण पर्यटक आवागमनमा पनि नकारात्मक प्रभाव परिरहेको छ। दुई वर्षअघि सुरु भएको उक्त सडक विस्तार तथा स्तरोन्नति सुस्त गतिमा हुँदा समस्या निम्तिएको हो । आयोजनाको पूर्वी खण्ड (मुग्लिन-जामुने)मा हालसम्म भौतिक प्रगति ५१ प्रतिशत र पश्चिम खण्ड (जामुने-पोखरा) मा जम्मा १७ प्रतिशत पुगेको जनाइएको छ । पूर्वी खण्डको १४ किमि दुरीमा दुईतर्फी (चार लेन) र १२ किमिमा एकतर्फी (दुई लेन) सडक कालोपत्र भइसकेको आयोजना कार्यालयले जनाएको छ । उक्त खण्डमा पर्ने १७ साना-ठूला पक्की पुलमध्ये १४ वटा बनिसकेको र तीनवटा निर्माणाधीन अवस्थामा रहेका छन् । मादीमा बन्ने 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको छ । बाँकी ठाउँमा कालोपत्रका लागि बेस हाल्नेदेखि, कल्भर्ट, नाली, पर्खाललगायत पूर्वाधार तयारीका काम भइरहेको जनाइएको छ । ४१ दशमलव ४५ किमिको पूर्वी खण्डमा विसं २०७८ वैशाखदेखि निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको थियो। पूर्वी खण्डमा पर्ने तनहुँको दमौली र डुम्रे बजारमा छ लेन र बाँकी खण्डमा चार लेनको सडक बन्नेछ।

आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)का प्रमुख राजेसप्रसाद पौडेलले उक्त सडक खण्डको काम सकिन अझै दुई वर्ष लाग्ने बताउनुभयो । "हालसम्म पश्चिम खण्डको भौतिक प्रगति १७ प्रतिशत छ, कुनै अवरोध आएन भने दुई वर्षभित्र काम सकिन्छ", उहाँले भन्नुभयो कतिपय ठाउँमा सडक दायाँबायाँका भौतिक संरचना, विद्युत् पोल, खानेपानी र सिँचाइका पूर्वाधार व्यवस्थापन गर्न काम बाँकी रहेको उहाँको भनाइ छ । पश्चिम खण्डमा हालसम्म साढे पाँच किमि सडक कालोपत्र भइसकेको जनाइएको छ। तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौँडालगायत खण्डमा कालोपत्रको तयारी गरिएको प्रमुख पौडेलले जानकारी दिनुभयो । आगामी असारभित्र ३० प्रतिशत भौतिक प्रगति हासिल गर्ने लक्ष्यसहित आयोजनाको कामलाई गति दिइएको उहाँको भनाइ छ।

तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्म ३८ दसमलव ८८ किमि दुरी रहेको पश्चिम खण्डको आधा सडक छ लेन र आधाजति चार लेनको बन्नेछ। आयोजनाको पश्चिम खण्डको निर्माण पूर्वी खण्डको भन्दा छ महिनापछि सुरु भएको थियो। सडकको अधिकार क्षेत्रभित्रका संरचना, विद्युत् पोल, खानेपानीका पूर्वाधार आदि हटाउन समय लागेकाले सडक निर्माणमा ढिलाइ भएको प्रमुख पौडेलले बताउनुभयो। पश्चिम खण्डअन्तर्गत दुलेगौँडा र मुख्य बजार क्षेत्रको सडक ४६ मिटर हुनेछ। जामुनेदेखि कुम्लेखोलासम्ममा १८ मिटर र बाँकी खण्डमा २३ मिटर सडक कालोपत्र हुने जनाइएको छ । पश्चिम खण्डमा १२ वटा पक्की पुल र सयको हाराहारीमा कल्भर्ट बनिरहेको आयोजना कार्यालयले जनाएको छ । पोखराको सेती नदीमा 'सिग्नेचर' पुल निर्माणाधीन अवस्थामा छ । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनलले रु सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्डको निर्माण ठेक्का लिएको हो। कुल ८१ किमि दुरीको सो सडक एसियाली विकास बैङ्कको अनुदान सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो।

पोखरा महानगरपालिका-१ का अध्यक्ष सहारा प्रधानले २२ सय मिटरको हरिचोक-याम्दी सडक दुई वर्ष बित्दासमेत स्तरोन्नति हुन नसकेको बताउनुभयो । "हामीले पटकपटक दबाबमूलक कार्यक्रम पनि गर्‍यौँ, तर निर्माण कम्पनीले विभिन्न बहाना बनाउँदै काममा ढिलासुस्ती गरिरहेको छ", उहाँले भन्नुभयो, "पोखरा प्रवेश गर्ने मुख्य सडकमार्गको अवस्था दुर्दशापूर्ण छ, स्थानीयवासी पनि धुलो र हिलोले हैरान छन्।

पोखरा-बागलुङ चल्ने जीपका चालक लक्ष्मण क्षेत्रीले दुई वर्षदेखि उक्त सडकको अवस्था नाजुक रहेको बताउनुभयो । "एकातिर गाडीलाई मार अर्कातिर यात्रुलाई सकस", उहाँले भन्नुभयो, "दुवैतर्फ चार लेन कालोपत्र सडक छ, बीचको बाटो किन बनेन अचम्म छ।" ग्राभेल हालेर खाल्डाखुल्डी पुर्ने र पानी तर्काउनेसम्मको काम पनि नभएकामा उहाँले दुःखेसो पोख्नुभयो। सोही सडकका कारण पोखरासम्मको यात्रा झन्झटिलो र लामो बनेको यात्रुको गुनासो छ । पोखराको जिरो किमीदेखि हरिचोक र याम्दीदेखि फेँदीसम्मको सडक दुई वर्षअघि नै कालोपत्र गरिएको थियो । बीचको झण्डै २२ सय मिटर सडक बिस्तार र कालोपत्र गर्न बाँकी रहेको लोकमार्ग आयोजना कार्यालय, पर्वतले जनाएको छ।

केही ठाउँमा नाला निर्माण र पर्खाल चिन्ने काम भएपनि सडकको भौतिक प्रगति अति न्यून छ। आयोजना कार्यालयले कामलाई गति दिन निर्माण व्यवसायीलाई पटकपटक ताकेका गर्दै आएको छ । आयोजनाका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिलगायत सरोकार भएका पक्षबीचको बैठकमा सडक निर्माण छिट्टै सक्ने प्रतिबद्धता जनाइएपनि कामले गति लिन नसकेको वडाध्यक्ष प्रधानले बताउनुभयो।

गत वर्ष साउनमा काठमाडौँको मोतीदान कन्स्ट्रक्सन सेवा प्रालिले निर्माणको जिम्मा पाएको थियो । २५ मिटर चौडा चार लेनको उक्त सडक दुई वर्षभित्र सक्नुपर्ने सम्झौता छ । प्रदेश राजधानी पोखरा जोड्ने मुख्य सडकको दुरावस्थाप्रति जनगुनासो पनि बढ्दै गएको छ। पश्चिमतर्फ पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पूर्वलगायतका जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौँ गाडी पोखरा आउजाउ गर्छन्।

सडक कालोपत्र नहुँदा धुलो र हिलोको समस्याले स्थानीयवासी पनि आजित भएका छन्। व्यापारमा पनि असर पुगेको जनाइएको छ। सडक साँघुरो र अस्तव्यस्त हुँदा सवारी जामको समस्या उस्तै छ। दुर्घटनाको पनि जोखिम बढेको छ । "मौसमको प्रतिकुलता, भुक्तानी नपाएको जस्ता समस्या देखाएर निर्माण कम्पनीले काममा ढिलासुस्ती गरिरहेको छ", वडाध्यक्ष प्रधानले भन्नुभयो, "अहिलेकै गतिमा काम भए आउँदो साउनभित्र पनि सडक कालोपत्र हुन मुस्किल पर्ने देखिन्छ।"

# भैँसी पाल्ने किसानलाई पचास हजार अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, २६ बैशाख

जिल्लाको पैयुँ गाउँपालिकाले व्यावसायिक रूपमा भैँसी पाल्ने किसानलाई रु ५० हजार अनुदान दिने भएको छ।

किसानलाई व्यावसायिक बनाउन तथा दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन प्रतिभैसी रु ५० हजारका दरले अनुदानको व्यवस्था गरिएको हो। यसअघि राँगा पालेका प्रत्येक किसानलाई रु २० हजार अनुदान दिएको पालिकाले भैँसीपालन गर्ने किसानलाई पनि अनुदान दिन थालेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजीव रिमालले बताउनुभयो।

सातवटा वडा रहेको पैयुँका प्रत्येक वडाका किसानले तीनदेखि चार वटासम्म राँगा पालेका छन् । गाउँपालिकाले यसपटक २० वटा राँगा पाल्ने किसानलाई रु चार लाख अनुदान वितरण गरेको छ। गाउँपालिकाले वार्षिक स्वीकृत कार्यक्रमअनुसार भैँसीपालन गरेका गाउँपालिकाका १६ जना किसानलाई प्रतिभैँसी रु ५० हजारका दरले अनुदान प्रदान गर्न लागेको गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले बताउनुभयो। यसअघि राँगापालक किसानको प्रोत्साहनका लागि पैयुँ पालिकाले अनुदान रकम घोषणा गरेको थियो। पालिकामा किसानले एउटा भैँसीलाई राँगो लगाएको रु एक हजार ५०० खर्च तिर्दै आएका छन्।

अब राँगापालकको गोठदेखि भैँसीपालकको गोठसम्मको दूरीका आधारमा मूल्य निर्धारणको लागि काम थाल्ने गाउँपालिकाले बताएको छ । राँगापालक किसानलाई रु चार लाख वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत रिमालले बताउनुभयो।

# मानुङकोटमा मापदण्ड तोकेर घर निर्माण प्रक्रिया खुल्ला

**पोखरापत्र संवाददाता**
दमौली, २६ बैशाख

तनहुँको व्यास नगरपालिका-५ स्थित पर्यटकीय मानुङकोटमा घर निर्माण प्रक्रिया खुल्ला गरिएको छ । पछिल्लो समय पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भइरहेको मानुङकोटमा मापदण्ड तोकेर घर निर्माण प्रक्रिया खुल्ला गर्ने निर्णय गरिएको नगरपालिकाले जनाएको छ।

मानुङकोटमा स्थानीयवासीले बस्ती छाड्दै जाने र बाहिरबाट जानेहरूले जथाभावी घर निर्माण गर्न थालेपछि नगरपालिकाले घर निर्माण प्रक्रिया रोकेको थियो । पर्यटकीय क्षेत्रको मौलिकता कायम गर्नका लागि यस्तो निर्णय गरिएको नगरपालिकाका प्रवक्ता जीवन गुरुङले जानकारी दिनुभयो। नगरपालिकाले निकास नखुलेका घरजग्गाहरू समेत समेटी मानुङकोट पर्यटकीय क्षेत्रको जग्गा विकास आयोजना अगाडि बढाउने निर्णय गरेको उहाँको भनाइ छ । मानुङकोटमा घर निर्माण गर्दा मौलिकता झल्कने खालका निर्माण गर्न दिने विषयमा छलफल भएको वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले जानकारी दिनुभयो। यहाँ आफूखुसी संरचना बनाउन नदिन मापदण्ड तोक्ने निर्णय भएको उहाँले बताउनुभयो । मानुङकोटमा खानेपानीको दुःख हुन थालेपछि यहाँबाट स्थानीय सहर झर्न थालेका थिए । अहिले पनि यहाँ पानीको सुविधा पुगिसकेको छैन । पछिल्लो समय पर्यटकको चहलपहल बढेपछि गाउँ छाडेकाहरू पुनः फर्किन थालेका छन्। ७० घरपरिवार रहेको मानुङकोटमा अहिले १०/१२ घर मात्रै छन् । सूर्योदय र कुहिरो अवलोकनका लागि मानुङकोटमा विभिन्न जिल्लाबाट आन्तरिक पर्यटक आउने गरेका छन् । दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको स्थानीय बताउँछन्। परापूर्वकालमा महर्षि वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ। मानुङकोटबाट पाँचवटा हिमालको सुन्दर दृश्यावलोकन गर्न पाइन्छ । यहाँबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिने भएकाले यस ठाउँ पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको छ । दमौलीबाट सात किलोमिटर दूरीमा अवस्थित यहाँ पुग्नका लागि सडक कालोपत्र भएको छ। सडक कालोपत्र भएपछि सर्वसाधारणलाई मानुङकोट उक्लिन सहज भएको छ। मानुङकोट कोरोनापछि एक्कासि चर्चामा आएको हो। कोरोनाकालमा एकैदिन दश हजारभन्दा बढी पर्यटक मानुङकोट उक्लिएका थिए । गर्मी मौसममा भन्दा जाडो मौसममा यहाँ पर्यटकको बाक्लो उपस्थिति रहने गरेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०५ एकलधारा मार्ग उत्तर नहरसम्म बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः एकलधारा मार्ग उत्तर नहरसम्म बाटो निर्माण
ठेगानाः पोखरा-०५, एकलधारा मार्ग
योजना सुरु हुने मितिः २०८०/१२/१८ गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/१८ गते
योजनाको कुल लागतः रु. ८,७६,८६३/८
महानगरपालिकाबाटः रु. ७,००,०००/-
जनसहभागिताबाटः रु. १,७६,८६३/८
उपभोक्ता समिति अध्यक्षः बेदि प्रसाद सुवेदी
मो. ९८५६०२८३९९
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**एकलधारा मार्ग उत्तर नहरसम्म बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-५, एकलधारा मार्ग**


# मौरीपालनतर्फ किसानको आकर्षण बढ्दो

**पोखरापत्र संवाददाता**
दमौली, २६ बैशाख

कम लगानीमा धेरै आम्दानी गर्न सकिने भएपछि बागलुङको निसीखोला गाउँपालिकाका किसान मौरीपालनमा आकर्षित हुँदै गएका छन् । उच्च पहाडी इलाकामा मौरीपालन फस्टाउने हुँदा यसप्रति किसानको आकर्षण बढेको हो । निसीखोला-१ हुल्दीका अधिकांश किसानले मौरी पालेका छन्। आधुनिक तथा परम्परागत घारमा उनीहरूले मह उत्पादन गर्दै आएका छन्। गाउँमा यसभन्दा अगाडि स्थानीयले रैथाने मौरी पाल्दै आएकामा अहिले सामूहिक रूपमा मौरीपालन गर्न थालेका हुन् । अहिले गाउँमा १८ किसानले समूह नै बनाएर व्यावसायिक रूपमा मौरीपालन सुरु गरेका छन् । बजारीकरण र उत्पादन बढाउनका लागि किसान सङ्गठित भएको मौरीपालन कृषि समूहका नबहादुर कुँवरले बताउनुभयो । समूहमा आबद्ध किसानमध्ये पहिलो चरणमा नौजनालाई अनुदानमा मौरीका घार र मौरी उपलब्ध गराइएको उहाँको भनाइ छ।

गाउँलाई मौरीपालनबाट आत्मनिर्भर बनाउने गरी समूहमा धेरै किसानलाई समावेश गर्दै जाने अध्यक्ष कुँवर बताउनुहुन्छ। गाउँमै बसेर उद्यमी बन्ने र बजार मागलाई पूर्ति गर्नेगरी अहिले आफूले एक सय ४० घार मौरी पाल्दै आएको जनाउँदै अब यसलाई बढाउँदै जाने उहाँको भनाइ छ।

कुँवरले भन्नुभयो, "गाउँमा व्यवसाय गर्ने हो भने धेरै माध्यम छन्, त्यसमध्ये मौरीपालन निकै उपयोगी हुँदा युवा मिलेर मौरीपालनमा लागेका छौँ, गाउँका धेरै कृषक यो पेसामा आबद्ध हुनुहुन्छ, आबद्ध नभएका पनि बिस्तारै आधुनिक घार लिएर सुरुआत गर्न थालेका छन्, गाई, भैँसी, बाख्राको तुलनामा मौरीपालन सजिलो र आम्दानीको राम्रो स्रोत हुने देखिएपछि अहिले धेरै स्थानीयले मौरी पाल्न थालेका छन्।"हुल्दी गाउँमा मकै, कोदो फल्ने बारीभरि यतिबेला मौरीका घार राखेको देखिन्छ । स्थानीय पवन सिञ्जालीले लामो समयदेखि कृषि गर्दै आएको र अहिले नयाँ कामको सुरुआत गरेको बताउनुभयो । पछिल्लो समय अन्य गाउँबाट मौरी व्यवसाय हेर्न, ज्ञान लिन र घार किन्न आउने उहाँको भनाइ छ।

मौरीपालनका लागि तालिम लिएर सीप हासिल गरेपछि व्यावसायिक रूपमा काम गर्न थालेको सिञ्जाली बताउनुहुन्छ। आफूले दुई घारबाट सुरुआत गरिएको भन्दै अहिले विस्तार भएर धेरै भएको उहाँको भनाइ छ। सोही गाउँका राजुलाल रोकाले पनि कृषक समूह गठन गरेर मौरीपालन गर्दै आउनुभएको छ । पुरानो पुख्यौंली घार र आधुनिक गरी एक वर्षभित्रै नौ घार माहुरी उत्पादन गर्दै आएको उहाँले बताउनुभयो । यसलाई वृद्धि गर्दै जाने र आर्थिक उपार्जनको माध्यम बनाउने रोका बताउनुहुन्छ। पुख्यौंलीभन्दा आधुनिक घार आम्दानीको दृष्टिकोरणले राम्रो रहेको उहाँको भनाइ छ । मौरीपालनलाई व्यवस्थित गर्न सके गतिलो आम्दानीको स्रोत बन्ने रोकाले बताउनुभयो।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, कुनै खोला रैकरे कलवोट निर्माण गर्नका लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : कुनै खोला रैकरे कलवोट निर्माण
**उपभोक्ता समिति**: कुनै खोला रैकरे कलवोट निर्माण उपभोक्ता समिति, पोखरा २१
**योजना सम्झौता मिति** : २०८०/९/१९ गते
**योजना सुरू मिति** : २०८०/०९/२० गते
**सम्पन्न भएको मिति** : २०८१/०१/२३ गते
**महानगरपालिकाबाट** : रु. २०,००,०००/-
**जनसहभागिता** : रु.२,२२,५०२/४७
**जम्मा लागत** : रु. २२,२२,५०२/४७
**उपभोक्ता समिति संख्या** : ९ जना, **महिला** : ३ जना

**इन्द्र प्रसाद सुवेदी**
अध्यक्ष (मो.९८४६३५५१९८)
**कुनै खोला रैकरे कलवोट निर्माण उपभोक्ता समिति**
पोखरा-२१, कास्की



## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८१/०१/२६

मादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय थुमाको डाँडा कास्कीको मिति २०८१/०१/२३ को च.नं. १९७२ र प.स. २०८०/०८१ को पत्रअनुसार यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/२२ गतेको निर्णय अनुसार रिक्त रहेको नि.मा.वि. तह तृतिय श्रेणी समाजिक विषय शिक्षक दरबन्दीमा करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट प्रकाशित मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**
विज्ञापन नं.: ०१/२०८०/२०८१ पदः सामाजिक शिक्षक संख्याः १ जना
तहः नि.मा.वि. श्रेणीः तृतीय किसिमः करार
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबा + २ उर्त्तीण वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८१/०२/०९ गते
सम्पर्क मितिः २०८१/०२/१० गते
दरखास्त दस्तुरः रु ७५०।- (सात सय पचास मात्र)
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
-कम्प्युटर दक्षता र माथिल्लो योग्यतालाई प्राथमिकता
निवेदन दिने माध्यमः विद्यालयको इमेल schoolhimalaya7@gmail.com तथा कार्यालयमा उपस्थित भएर, आवेदन दस्तुर विद्यालयको खाता नं. ०७९००६५६५७१०००१०००१८ माछापुच्छ्रे बैंक लिमिटेडमा जम्मा गरि भौचर बुझाउनु पर्नेछ।

**श्री हिमालय माध्यमिक विद्यालय**
**मादी गाउँपालिका-९, गोर्जे, कास्की**
**सम्पर्क नं.:** ९८४६५९०२१५,९८५६०६०९१२,९८४६४४५५३२,९८४९०८२०७५
Email: schoolhimalaya7@gmail.com